कार्यक्रम : अलेखबद्ध कामदार :नियमनकोलागि आवहान विषयक कामदारको सुनुवाई कार्यक्रम

मिति : २०६८/९/१ गते,
दिन : शुक्रबार

मिति २०६८/९/१ गते, अन्तराष्ट्रिय आप्रवासी दिवसको अवसरमा "अलेखबद्ध कामदार :नियमनकोलागि आवहान" विषयक कामदारको सुनुवाई कार्यक्रमको आयोजना गरिएको थियो । कार्यक्रमको संयोजन गैर सरकारी संस्था -पौरखी, नेपालबाट भएको थियो भने आयोजना मूल आयोजक समितिबाट भएको थियो जसमा राष्ट्रिय महिला आयोग र डि.सि.ए को सहकार्य थियो ।

कार्यक्रममा प्रमुख अतिथिको रुपमा राष्ट्रिय महिला आयोगका अध्यक्ष शेष चाँदतारा रहनुभएको थियो । कार्यक्रम पौरखीका अध्यक्ष मञ्जु गुरुङको अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रममा श्रम तथा यातायात व्यवस्था मन्त्रालय, वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार प्रबर्द्धन बोर्ड, संयुक्त राष्ट्र संघ महिला विकास कोष, राष्ट्रिय आप्रवासन सञ्जाल आदिबाट उच्च पदस्त व्यक्तित्वहरुको उपस्थिति थियो । कार्यक्रममा वैदेशिक रोजगारको क्रममा विभिन्न देश गएर फर्केका महिला कामदारहरको पनि उल्लेखनीय उपस्थिति थियो ।

कार्यक्रममा बोल्दै वैदेशिक रोजगार विभागका महानिर्देशक पूर्णचन्द्र भट्टराइले- वैदेशिक रोजगारमा जाने महिलाको सङख्या यसवर्ष ५% बृद्धि भएको जानकारी गराउँदै यस्ता महिलाहरुले विदेशमा काम गर्दाको आफ्नो अनुभवबाट राष्ट्रका नीति नियममा महत्वपूर्ण योगदान दिनसक्ने कुरा पनि व्यक्त गर्नुभयो । त्यसपछि , उहाँले कार्यक्रममा उपस्थित महिलाहरुलाई आफू विदेश जाँदाको मिठा वा तीता अनुभहरु आदनप्रदान गर्न अनुरोध गर्दै फ्लोर हस्तान्तरण गर्नुभयो ।

कार्यक्रममा करिब ८ महिलाहरुले आफ्नो सफल वा असफल अनुभवहरु बाँडेका थिए । आफ्ना सफल अनुभवहरु बाँडने क्रममा काभ्रे निवासी सुमित्रा बस्नेतले आफू २ वर्ष अगाडि नै लेबननबाट नेपाल फर्केको बताइन् । एक विश्वसनीय म्यानपावरबाट लेबनन पुगेको र घरेलु कामदारको रुपमा काम गरी सन्तोषजनक पारिश्रमिक पाएर नेपाल फर्केको कुरा बताइन् । उनले विदेश जाने महिलाहरुलाई विदेश जानु अघि निकै सोच विचार गरेर, गन्तव्य देशको भाषा सिक्न र आफूले गर्न लाग्या कामको पनि राम्रो प्रशिक्षण लिन अनुरोध गरिन् । उनले आफूजस्तै विदेशबाट केहि रकम कमाएर फर्केका महिलाहरुलाई त्यो रकम कुन क्षेत्रमा लगानी गर्ने हो त्यसबारे पनि सरकारले केहि उपाय सिकाइदिए हुन्थ्यो भन्ने जिज्ञासा देखाइन् ।

अर्कोतिर, आफ्नो तीता अनुभवहरु बाँड्ने क्रममा ज्योति तामाङले एक वर्ष अगाडि आफ्नो काकामार्फत कुबेत पुगेको बताइन् । कुबेतमा आफूले काम गरेको ५ महिना बितिसक्दा पनि पारिश्रमिक नपाएको र शारीरिक मानसिक पीडा धेरै खेप्नुपरेको गुनासो गरिन् । यसैगरी, कार्यक्रममा आफ्ना तीता अनुभवहरु

बाँड्दै, कतिपय महिलाहरुले नेपालकै म्यानपावरबाट ठगिएको, विदेशमा पारिश्रमिक नपाएको र उल्टै निकै शारीरिक, मानिसिक र यौनजन्य पीडा पाएका बताएका थिए ।

कार्यक्रममा पुनः बोल्दै वैदेशिक रोजगार विभागका महानिर्देशक पूर्णचन्द्र भट्टराइले -त्यहाँ उपस्थित विदेशबाट सफल भएर फर्केका महिलाहरुबाट केही पाठ सिक्न र असफल भएर फर्केकाबाट सचेत हुन र आफूले विदेश जाँदा त्यस्ता गल्ती नदोहोराउन पनि आग्रह गर्नुभयो । उहाँले सिप र ज्ञानको अभावका कारण आफ्नै नातेदारबाट महिलाहरु ठगिने गरेको पनि बताउनुभयो । उहाँले श्रम तथा यातायत व्यवस्था मन्त्रालयले देशभरि रहेका म्यानपावरमध्ये १८६ वटा म्यानपावर श्रमिक पठाउनलाई सुचिकरण गरेको र हेब्रो भाषा , केयर गिभरको तालिमका निम्ति पनि पाठ्यक्रम तयारी भएको र यसको जम्मा खर्च ७५ हजार लाग्ने पनि जानकारी दिनुभयो । उहाँले सबैसामु सरकारी प्रकृयालाई विश्वास गरेर धैर्यधारण गरेर अरु अनौपचारिक माध्यमबाट विदेश नजान पनि आग्रह गर्नुभयो ।

त्यसैगरी, संयक्त राष्ट्र संघ महिला विकास कोषका प्रतिनिधिले संयक्त राष्ट्र संघले विदेश जान लागेका महिलाहरुलाई सरकारी प्रकृया पुऱ्याएर मात्र जानको लागि  सुझाव दिइरहको र विदेशबाट फर्केका महिलालाई विभिन्न  क्षेत्र जस्तै - साइबर क्याफे , मस्रुम फार्मिङ , हस्तकला आदिमा तालिम को व्यवस्था मिलाएर रोजगारको अवसर प्रदान गरेको बताउनुभयो ।

कार्यक्रममा वैदेशिक रोजगार प्रवर्द्धन बोर्डका कार्यकारी निर्देशकले आवश्यक तालीम दिएर मात्र श्रमिक महिलाहरुलाई विदेश पठाउनु पर्ने कुरामा जोड दिनुभयो । उहाँले विदेश जानुभन्दा पनि आफ्नै देशमा विभिन्न व्यवसाय गरेर अझ बढि आम्दानी गर्न सकिने पनि बताउनुभयो ।

राष्ट्रिय महिला आयोगका अध्यक्ष शेष चाँदताराज्यूले देशको सरकारले नै विदेश जाने महिलाहरुलाई उचित तालिम र सुझावको व्यवस्था गर्नुपर्ने र महिलाहरुलाई दलालहरुबाट नठगिन गाँउघरमा जनचेतना फैलाउन निकै जरुरी रहेको कुरा व्यक्त गर्नुभयो ।

अन्त्यमा, पौरखीका अध्यक्ष मञ्जु गुरुङले महिलालाई शिक्षा,चेतना  र अवसर प्रदान गराउन निकै जरुरी भएको बताउनुभयो । उहाँले विदेशमा नेपाली महिलामाथि हुने हिंसालाई अन्त्य गर्न महिला आफै जागरुक हुनुपर्ने र यसमा पौरखी महिलाहरुको हितको लागि सदैव तत्पर रहने बताउँदै कार्यक्रमको समापन गर्नुभयो ।